# आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५

**पहिलो संशोधन २०७७**

**संवत् २०७५ सालको ऐन नं. ३**

**प्रस्तावना :**

राष्ट्रिय विकासको लागि आवश्यक जनशक्ति तयार गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न नगरपालिकाभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरूको व्यवस्थापन प्रभावकारिता वृद्धि गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२१ को अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) बमोजिम मन्थली नगरपालिकाबाट आधारभूत तथा माध्यामिक शिक्षा ऐन २०७५ जारी गरिएको छ ।

१. **सङ्क्षिप्त नाम र प्रारम्भ :** (क) यस ऐनको नाम "आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ (पहिलो संशोधन २०७७)" रहेको छ ।

(ख) यो ऐन मन्थली नगरपालिका भर लागू हुनेछ ।

(ग) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "प्रारम्भिक बाल शिक्षा केन्द्र/पूर्व प्राथमिक शिक्षा" भन्नाले पाँच वर्ष उमेर पूरा गरेका बालबालिकाको लागि समुदाय वा विद्यालयहरुमा खोलिएका नर्सरी, के जी, मन्टेश्वरी आदिलाई सम्झनु पर्छ । *

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(घ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्ता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्ता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ :-

१) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्ता भएका बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधीनमा रही दिइने शिक्षा सम्झनु पर्छ ।

२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेद्रहित वातावरणमा दिइने शिक्षा सम्झनु पर्छ ।

(च) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकार र स्थानीय सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त मुनाफारहित विद्यालय सम्झनु पर्छ ।

(छ) "संस्थागत विद्यालय" भन्नाले नेपाल सरकार र मन्थली नगरपालिकाबाट

---

**** पहिलो संशोधनद्वारा संशोधित***

नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ज) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ख) बमोजिम शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(झ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ञ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ट) "प्राथमिक विद्यालय" भन्नाले खण्ड (ख) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ठ) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ख) वा खण्ड (ग) बमोजिमको शिक्षा प्रदान गर्ने विद्यालय_सम्झनु पर्छ ।

(ड) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ढ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा वा बाबु तर्फको बाजे, बज्यैलाई मात्र जनाउँछ तर निजहरूको मृत्यु भएको अवस्थामा आमा पट्टिको बाजे, बज्यैलाई समेत जनाउँछ । अन्य प्रयोजनका लागि सम्बन्धित क्षेत्रका सबै प्रबुद्ध वर्गलाई अभिभावक मान्न बाधा पर्ने छैन ।*

(ण) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्दछ ।

(त) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप, तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा ९ देखि १२ सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्दछ ।

(थ) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(द) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ध) "अनुमति" भन्नाले नेपाल सरकार वा मन्थली नगरपालिकाले स्थायी स्वीकृति र सहायता प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृति जनाउँछ ।

(न) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा स्थानीय सरकारले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(प) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा स्थानीय सरकारबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(फ) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ब) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रूपले बसोबास गर्न पाउने गरी नेपाली

---

** पहिलो संशोधनद्वारा संशोधित*

नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(भ) "नगरपालिका" भन्नाले मन्थली नगरपालिकालाई सम्झनु पर्दछ ।

(म) "नगरसभा" भन्नाले मन्थली नगर पालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(य) "शिक्षा ऐन" भन्नाले मन्थली नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ (पहिलो संशोधन २०७७) लाई सम्झनु पर्छ। *

(र) "नगर कार्यपालिका" भन्नाले मन्थली नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ। *

(ल) "प्रमुख" भन्नाले मन्थली नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ। *

(व) "उप प्रमुख" भन्नाले मन्थली नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्छ। *

(श) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मन्थली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ। *

(ष) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक एवम् प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनु पर्छ। *

(स) "शिक्षा समिति" भन्नाले यसै ऐन बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनु पर्छ। *

(ह) "व्यवस्थापन समिति" भन्नाले यसै ऐन बमोजिम विद्यालयहरूमा गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनु पर्छ। *

(क्ष) "स्थानीय ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई सम्झनु पर्छ। *

(त्र) "शिक्षा मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ। *

(ज्ञ) "स्थानीय पाठ्यक्रम" भन्नाले मन्थली नगरपालिकाले आफ्नो क्षेत्रभित्र विद्यालयहरुमा स्थानीय भाषा, कला, संस्कृति, रहनसहन, भूगोल, इतिहास, जातजाति, सम्पदा, सीप र प्रविधि, कृषि, पर्यटन, उद्योग, राष्ट्रिय रूपमा योगदान गरेका स्थानीय व्यक्तिहरुको बारेमा ज्ञान दिनका लागि अध्ययन अध्यापन गराउन प्रकाशन गरिएको पाठ्यक्रमलाई सम्झनु पर्छ। *

३. **विद्यालय खोल्न अनुमति लिनु पर्ने :** १) कुनै नेपाली नागरिकले वा संस्थाले संस्थागत विद्यालय, शैक्षिक गुठी अन्तर्गत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकाको तोकिएको अधिकारी समक्ष अनुमतिका लागि निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम निवेदन परेमा मन्थली नगरपालिका वा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी तोकिएको अधिकारीले अनुमति दिन सक्नेछ ।

३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको सर्त

***पहिलो संशोधनद्वारा थप गरिएको***

बन्देज पालन गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्न सक्नेछ ।

४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनउपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा वडा शिक्षा समितिको सुझाव समेत लिई पुनः अनुमति तथा स्वीकृति दिन सक्नेछ ।

६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैन :-

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रस्टी) सङ्गठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रस्टी) मा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनु पर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रस्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(ङ) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(च) उपदफा (७ घ) बमोजिम सञ्चालित विद्यालयले अध्यापन गराउनु पर्ने विषय, पालन गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन् ।

८) (क) कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन माग भई आएमा त्यसको आवश्यकता, औचित्यता र सञ्चालन प्रक्रियाको मूल्याङ्कन गरी सर्त तोकी स्वीकृति प्रदान गर्न सकिनेछ ।

(ख) नेपाल सरकार वा प्रदेश सरकारसँग सम्झौता भएमा वा त्यसरी विद्यालय खोल्न कुटनैतिक नियोगबाट सिफारिस भएमा सर्त तोकी विद्यालय खोल्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

९) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयले सर्त

बमोजिम विद्यालय सञ्चालन नगरेमा स्थानीय सरकारले जुनसुकै बखत त्यस्तो विद्यालय बन्द गर्न सक्नेछ ।

१०) उपदफा (८) बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

११) कुनै धर्म, वर्ण, जातजातिलाई मात्र लक्षित गरी अध्ययन अध्यापन गराउने उद्देश्य भएका विद्यालय सञ्चालन गर्न अनुमति दिइने छैन ।

**४. परीक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी व्यवस्था :** कक्षा ३, कक्षा ५ को अन्तमा सिकाइ उपलब्धि परीक्षण र आधारभूत तहको अन्तमा (कक्षा ८) वार्षिक परीक्षा तोकिएको कार्यविधि एवम् निर्देशिका बमोजिम हुनेछ । *

**५. माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक शिक्षा देहाय बमोजिमका हुनेछन् :-

(क) साधारण माध्यमिक शिक्षा ।

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा ।

तर त्यस्तो शिक्षामा थप एक वर्ष तोकिए बमोजिम व्यवहारिक अभ्यास गराउन सकिने छ ।

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला, समता शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :** १) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा, खुला शिक्षा तथा समाहित शिक्षा (फरक क्षमता भएका व्यक्तिका लागि) सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम अनुमति दिन सक्नेछ ।

३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिने छ ।

५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**७. शिक्षाको माध्यम :** (१) (क) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(ख) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

---

**** पहिलो संशोधनद्वारा थप***

(१) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिने छ,

(२) गैर नेपाली नागरिकले मन्थली नगरपालिका भित्रको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(३) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन हुनेछ,

(४) अनिवार्य अङ्ग्रेजी विषय अध्ययन गराउँदा अङ्ग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**२. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी र सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्ने छ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्डभित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ । सो प्रयोजनका लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन समिति समेत गठन गर्न सक्नेछ ।*

**८. नगर शिक्षा शाखा :** १) मन्थली नगरपालिकाले एक नगर शिक्षा शाखा स्थापना गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम स्थापना हुने शाखा प्रमुखको रूपमा स्थानीय शिक्षा अधिकृत रहने छ ।

३) स्थानीय शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**९. नगर शिक्षा समितिको गठन :** १) नगरपालिका भित्रका विद्यालयको रेखदेख, नियमन र व्यवस्थापन गर्ने काम समेतको लागि एक नगर शिक्षा समितिको गठन हुनेछ ।

२) उपदफा (१) बमोजिमको नगर शिक्षा समितिमा देहायका सदस्यहरू रहनेछन् :-

(क) नगरपालिकाको प्रमुख - अध्यक्ष

(ख) नगरपालिकाले तोकेको नगरपालिकाको विषयगत समितिको संयोजक -सदस्य

(ग) नगर सभाका सदस्यहरू मध्येबाट नगर कार्यपलिकाबाट मनोनीत एकजना -सदस्य

(घ) स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरू मध्येबाट नगर प्रमुखबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुईजना सदस्य - सदस्य

(ङ) सम्बन्धित नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट नगरपालिकाले मनोनीत गरेको एकजना सदस्य - सदस्य

(च) नगर भित्रका सामुदायिक विद्यालयका प्र. अ. मध्येबाट नगरपालिकाले मनोनीत गरेको एक जना सदस्य - सदस्य

(छ) नगर भित्रका संस्थागत विद्यालय मध्येबाट निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) ले सिफारिस गरेको एक जना शिक्षक * - सदस्य

(ज) नगर शिक्षक महासङ्घले मनोनीत गरेको नगर शिक्षक महासङ्घको प्रतिनिधि एक जना * -सदस्य

(झ) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ञ) नगरपालिकाको स्थानीय शिक्षा अधिकृत सदस्य- सचिव

३) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ । मनोनीत सदस्यले र अन्य सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको

---

**** पहिलो संशोधनद्वारा संशोधित***

नदेखिएमा मनोनयन गर्ने पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

तर, यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो स्पष्टीकरण वा सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

४) समितिका पदाधिकारीहरूको पद रिक्त भएमा यस अगाडि त्यस्तो पद जुन पदाधिकार वा हैसियत वा प्रक्रियाबाट प्राप्त भएको थियो सोही पदाधिकार वा हैसियत वा प्रक्रियाबाट पूर्ति गरिनेछ ।

**५) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-**

(क) शिक्षा सम्बन्धी नगर स्तरीय नीति तथा योजना तर्जुमा गर्ने ।

(ख) नगरपालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी कार्यको लागि नगरपालिकालाई आवश्यक सहयोग गर्ने ।

(ग) नगरपालिका भित्र मर्यादित र स्वच्छ वातावरणमा भयरहित परीक्षा सञ्चालन गर्न सहयोग गर्ने ।

(घ) विद्यालयहरूको लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।

(ङ) नगर क्षेत्रभित्र स्थापना भएका विद्यालयको शिक्षक दरबन्दी, सेवा, सुविधा, सर्तहरू स्वीकृत गर्ने ।

(च) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने ।

(छ) विद्यालय सञ्चालनका लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने, गराउने ।

(ज) अभिभावक र शिक्षकबीच विवाद भएमा त्यसको समाधान गर्ने, गराउने,

(झ) शिक्षाको गुणस्तर कायम राख्न सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(ञ) शिक्षाको सामाजिक परीक्षण गर्ने, गराउने ।

(ट) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दीको व्यवस्थापन गर्ने,

(ठ) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने, गराउने ।

(ड शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरू निर्धारण गर्ने ।

(ढ) शैक्षिक संस्था र शिक्षासँग आबद्ध कर्मचारीहरूलाई कामको आधारमा आवश्यक प्रोत्साहन गर्ने ।

(ण) सजायका मापदण्ड निर्धारण गर्ने, कार्यान्वयन गराउने ।

(त) शिक्षक नियुक्ति कार्यमा सहयोगका लागि विषय विज्ञहरूको छनोट गरी सूची प्रकाशन गर्ने ।

(थ) नगरभित्र रहेका क्याम्पस, पोलिटेक्निकल इन्स्टिच्युट, सिटिइभिटिबाट सम्बन्धन लिई सञ्चालित शैक्षिक संस्थाको रेखदेख, अनुगमन तथा नियन्त्रण गर्ने ।

(द) वार्षिक प्रतिवेदन नगरपालिका समक्ष पेस गर्ने ।

(ध) नगरको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्ने गराउने ।*

(न) विद्यालय नक्साङ्कन तथा समायोजन सम्बन्धी कार्य गर्ने ।*

(प) शिक्षकहरूको कार्यदक्षताको आधारमा पुरस्कृत गर्ने ।*

(फ) विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने ।*

(ब) आफ्नो क्षेत्रभित्र बालबालिकाको विद्यालय शिक्षामा पहूँच बढाउनको लागि

***पहिलो संशोधनद्वारा थप**

आवश्यक व्यवस्था गर्ने ।*

(भ) नगरभित्रका समग्र शैक्षिक कार्यक्रमको अनुगमन, सुपरीवेक्षण एवम् व्यवस्थापन गर्ने गराउने ।*

६) स्थानीय शिक्षा अधिकृतको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**१०. वडा शिक्षा समिति :** १) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ ।

(क) वडा अध्यक्ष - अध्यक्ष

(ख) वडा समितिका सदस्यहरूमध्ये वडा समितिको बैठकले तोकेको एकजना सदस्य - सदस्य

(ग) सामुदायिक विद्यालयको प्रधानाध्यापक मध्ये वडा अध्यक्षले मनोनीत गरेको एक जना - सदस्य

(घ) वि.व्य.स. अध्यक्षमध्ये वडा समितिको बैठकले मनोनित गरेको एकजना - सदस्य

(ङ) वडा भित्रका शिक्षाप्रेमीहरू मध्येबाट नगर प्रमुखले मनोनीत गरेको एकजना - सदस्य

(च) वडा भित्रका शिक्षाप्रेमीहरू मध्येबाट वडा अध्यक्षले मनोनीत गरेको एकजना - सदस्य

(छ) वडा शिक्षक महासङ्घको प्रतिनिधि एकजना - सदस्य

(ज) वडाभित्र उच्च तह सञ्चालन भएको विद्यालयको प्रधानाध्यापक वा निजले तोकेको शिक्षक * - सदस्य

(झ) वडा सचिव - सदस्य सचिव

**द्रष्टव्य :** #

२) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार

(क) नगर शिक्षा समितिको समन्वयमा वडा भित्रका विद्यालय लगायत सम्पूर्ण शिक्षा क्षेत्रको अनुगमन, नियमन तथा व्यवस्थापन गर्ने कार्य वडा शिक्षा समितिको हुनेछ ।

(ख) वडा शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३) समितिका पदाधिकारीहरूको पद रिक्त भएमा यस अगाडि त्यस्तो पद जुन पदाधिकार वा हैसियत वा प्रक्रियाबाट प्राप्त भएको थियो सोही पदाधिकार वा हैसियत वा प्रक्रियाबाट पूर्ति गरिने छ ।

**११. शिक्षा अनुगमन समिति :** १) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहाय बमोजिम शिक्षा अनुगमन समिति गठन हुनेछ ।

(क) नगर पालिकाको उपप्रमुख -अध्यक्ष

(ख) नगर कार्यपालिकाको सामाजिक विकास समिति सदस्यमध्ये संयोजकले मनोनीत गरेको एकजना -सदस्य

(ग) नगरसभाका सदस्यहरूबाट कार्यपालिकाले तोकेको एकजना -सदस्य

(घ) नगर शिक्षा समितिले तोकेको लेखापालन सम्बन्धी ज्ञान भएकामध्ये एक जना -सदस्य

---

** पहिलो संशोधनद्वारा थप*  *# पहिलो संशोधनद्वारा हटाइएको*

(ङ) नगर शिक्षा समतिका सदस्यले मनोनित गरेको शिक्षक महासङ्घको नगर प्रतिनिधि -सदस्य

(च) स्थानीय शिक्षा अधिकृत एकजना * -सदस्य

(छ) नगर पालिकाको शिक्षा शाखाको अधिकृत स्तरको कर्मचारीमध्ये नगरपालिकाले तोकेको व्यक्ति -सदस्य सचिव

२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३) समितिका पदाधिकारीहरूको पद रिक्त भएमा यस अगाडि त्यस्तो पद जुन पदाधिकार वा हैसियत वा प्रक्रियाबाट प्राप्त भएको थियो सोही पदाधिकार वा हैसियत वा प्रक्रियाबाट पूर्ति गरिने छ ।

**१२. नगर शिक्षा समिति विघटन गर्न सकिने :** १) नगर शिक्षा समितिले तोकिए बमोजिमको जिम्मेवारी पूरा गर्न नसकेमा नगर कार्यपालिकाले त्यस्तो नगर शिक्षा समितिलाई विघटन गर्न सक्नेछ ।*

**१३. घुम्ती विद्यालय सञ्चालन गर्न सक्ने :** १) स्थानीय सरकारले आवश्यकता अनुसार घुम्ती विद्यालय सञ्चालन गर्न सक्नेछ ।

२) घुम्ती विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :** मन्थली नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम प्रत्येक वडामा सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१५. अध्यापन अनुमतिपत्र लिनु पर्ने :** १) यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारले व्यवस्था गरेको अध्यापन अनुमतिपत्र नलिई कसैले पनि शिक्षक पदको लागि उम्मेदवार हुन, अध्यापन गर्न पाउने छैन ।*

**१६. अनुदान सम्बन्धी व्यवस्था :** १) नगर पालिकाले विद्यालयहरूलाई अनुदान रकम उपलब्ध गराउन सक्नेछ ।

२) अनुदान रकम उपलब्ध गराउने मापदण्ड नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

तर, कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

**१७. छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** १) नगर पालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

२) कुनै दाता, शिक्षाप्रेमी, व्यक्ति वा संस्थाले निश्चित विद्यालय तोकी छात्रवृत्ति कोष स्थापना गर्न सक्नेछन् ।

३) यस्तो छात्रवृत्ति कोष स्थापना गर्न चाहने व्यक्ति वा संस्थाले विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समिति र नगर शिक्षा समितिबाट अनुमति लिनु पर्नेछ ।

४) अभिभावक, शिक्षक, कर्मचारी र विद्यार्थीलाई लक्षित गरी पुरस्कार कोष स्थापना गर्न चाहने व्यक्ति वा संस्थाले विद्यालय तोकी त्यस्तो कोष स्थापना गर्न सक्नेछन् ।

५) पुरस्कार कोषको सञ्चालनमा त्यस्तो व्यक्ति वा सञ्चालकको भूमिका तोकिए

***** *पहिलो संशोधनद्वारा संशोधित*

बमोजिम हुनेछ ।

१८. **प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान दिन सक्ने :** नगरपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सकिनेछ ।

१९. **बाल सञ्जाल र प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था :** (क) प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू मध्येबाट विद्यालय स्तरीय बाल सञ्जाल गठन हुनेछन् ।

(ख) त्यस्तो बाल सञ्जालका संयोजक वा पदाधिकारी मध्येबाट एकजना छात्र र एकजना छात्रालाई व्यवस्थापन समितिको बैठकमा सामेल गराउनु पर्नेछ ।

(ग) प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. **विद्यालय व्यवस्थापन समिति :** १) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) आभिभावकले आफूहरू मध्येबाट छानी पठाएका दुई जना महिला सदस्य सहित चारजना - सदस्य

(ख) विद्यालय रहेको नगरपालिकाको सम्बन्धित वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना सदस्य * -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर सहयोग गर्ने वा विद्यालयलाई पचास हजार वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिलासहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरू मध्येबाट छानी पठाएको एकजना शिक्षक -सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक -सदस्य सचिव

२) प्रकरण नं. क, ख र ग बाट नियुक्त भएका सदस्य मध्येबाट व्यवस्थापन समितिले चयन गरेको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष हुनेछ ।

३) व्यवस्थापन समितिको म्याद सकिनु भन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नुपर्नेछ । यस्तो हुन नसकेमा व्यवस्थापन समितिको गठन नगर शिक्षा समितिले गर्ने छ ।

४) प्राविधिक र व्यवसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य महासंघका २ जना प्रतिनिधि सदस्य रहनेछन् ।*

५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा सम्बन्धित क्षेत्रका कम्तीमा एकजना सदस्य रहनेछन् ।

७) नगरपालिकाको शिक्षा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा

---

***** *पहिलो संशोधनद्वारा संशोधित*

पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।*

८) विद्यालय व्यवस्थापन समितिको बैठकमा विद्यालय बाल सञ्जालका अध्यक्ष र सदस्य मध्येबाट एकजना छात्र र एकजना छात्रालाई सामेल गराउनु पर्नेछ ।

९) व्यवस्थापन समितिका पदाधिकारीहरूको पद रिक्त हुन गएमा त्यस्तो पदमा यस अगाडि जुन हैसियत वा प्रक्रियाबाट पदपूर्ति भएको थियो सोही हैसियत वा प्रक्रियाबाट पूर्ति गरिनेछ ।

१०. विद्यालय व्यवस्थापन समितिको पदावधि गठन भएको मितिले ३ वर्षको हुनेछ ।#

११. विद्यालय व्यवस्थापन समिति गठन प्रयोजनका लागि सामुदायिक विद्यालय व्यवस्थापन समिति गठन कार्यविधि तोके बमोजिम हुनेछ ।#

१२. सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगर पालिकाको कार्यालयलाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगरपालिकाबाट खटिएको शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(छ) नगरपालिकाले तोकेको रजिस्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गराउने,

(ज) लेखा परीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकामा पेस गर्ने,

(झ) नगर शिक्षा समिति र नगरपालिकाले दिएको आदेश तथा निर्देशनहरूको पालना गर्ने,

(ञ) विद्यालय आफैंले नियुक्त वा बढुवा गरेका शिक्षकका लागि सेवा, सर्त र सुविधा तोक्ने, तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ट) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक सङ्घ गठन गर्ने,

(ठ) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(ड) प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका योग्य उम्मेदवारहरूलाई आवश्यक तथा नगरपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने, तोकिए बमोजिम दरबन्दीका शिक्षकको मूल्याङ्कन र विभागीय कार्वाही गर्ने ।

१३. संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ,

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट विद्यालयको सिफारिसमा

---

****पहिलो संशोधनद्वारा संशोधित*** ***# पहिलो संशोधनद्वारा थप***

नगर शिक्षा समितिबाट अनुमोदित भएको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालयको सिफारिसमा वडा शिक्षा समितिले अनुमोदन गरेको २ जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट नगर शिक्षा समितिले मनोनीत गरेको एकजना - सदस्य

(घ) नगरपालिकाको शिक्षा अधिकृत * - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू-मध्येबाट छानी पठाएको शिक्षक - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

१४. संस्थागत विद्यालय व्यवस्थापन समितिको पदावधि तीन वर्षको हुनेछ। व्यवस्थापन समितिका अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा विद्यालय वा नगर शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन।

१५. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) नेपाल सरकार र स्थानीय सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने । अन्य सहयोगी पाठ्यपुस्तकहरू पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को स्वीकृति लिन नगर शिक्षा समिति समक्ष प्रस्ताव पेस गर्ने।

(च) आयोगबाट अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) नेपाल सरकारले र स्थानीय सरकारले तोकि दिएको तलब स्केलमा नघटाई शिक्षकलाई तलब भत्ता उपलब्ध गराउने,

(ज) शिक्षकको आचरणका आधारमा शिक्षकलाई पुरस्कृत र दण्ड गर्ने,

(झ) शिक्षा ऐन, नियम र कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त सबै नीति नियम तथा स्थानीय सरकारले दिएका निर्देशनहरूको पालना गर्ने।

(ञ) विद्यालयको वार्षिक प्रतिवेदन नगर शिक्षा समिति समक्ष पेस गर्ने।

१६. शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

**२१. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :** १. देहायका क्रियाकलापमा

---

***पहिलो संशोधनद्वारा संशोधित***

सङ्लग्न रहेको पाइएमा विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेछ ।#

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा ।#

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा ।#

(ग) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको नीति विपरीत कार्य गरेमा ।#

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा ।*

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशन पालन नगरेमा ।#

२) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई तोकिएको प्रक्रियामा रहेर नगर शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ,
तर त्यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ ।

३) विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेमा विद्यालय व्यवस्थापन समितिको काम गर्न र पछि नियमानुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको म्याद बढीमा ६ महिनाको हुनेछ ।*

**२२. विद्यालयको विधान :** यो ऐन र प्रचलित कानुनको अधीनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया लगायतका सान्दर्भिक विषयवस्तु समावेश गरिएको विधान अभिभावक भेलाबाट पारित गराई लागू गराउनु पर्नेछ ।

**२३. विद्यालयको वर्गीकरण :** विद्यालयहरूको वर्गीकरण तोकिए बमोजिम हुनेछ ।

**२४. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्ने :** (क) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको दलगत वा आस्थागत अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(ख) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालन गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ ।

**२५. शुल्क सम्बन्धी व्यवस्था :** १) नेपाल सरकारले वा मन्थली नगरपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीसँग अध्ययनका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।
उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन त्यस्तो विद्यालयलाई बाधा पर्ने छैन ।

(क) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नका लागि नगर पालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।*

(ख) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्ता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गर्न सकिनेछ ।

---

*# पहिलो संशोधनद्वारा थप* **पहिलो संशोधनद्वारा संशोधित*

२) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिने छ ।

३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

४) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनु पर्नेछ ।

६) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउन सक्नेछ ।

७) विद्यालयले निश्चित तहको परीक्षामा सामेल हुने विद्यार्थीको उच्च अङ्क प्राप्तिको उद्देश्य राखी विद्यालय समयबाहिर मुख्य विषयको विशेष कक्षा सञ्चालन गरेका खण्डमा व्यवस्थापन समितिको निर्णयले न्यूनतम शुल्क लिन सक्नेछ । यस्तो शुल्क लिएको विषयको जानकारी नगर शिक्षा समितिलाई दिनु पर्नेछ ।

८) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**२६ शिक्षकको सरूवा :** १) सरूवा हुन चाहने शिक्षकले तोकिए बमोजिमको फाराम भरी नगर पालिकामा निवेदन दिनु पर्नेछ ।*

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नगर पालिकाले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी त्यस्तो शिक्षकलाई सरूवा गर्न सक्नेछ ।

तर त्यसरी सरूवा गर्दा निवेदक कार्यरत स्थानको स्थानीय तहको सहमति लिनु पर्नेछ ।

३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा गरेका शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा नगर पालिकाले आफ्नो नगर भित्रका क्षेत्रमा दरबन्दी मिल्ने गरी सरूवा गर्न सक्नेछ । तर दरबन्दी मिलान गर्दा वा विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरूवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा नभएको भए पनि यस दफा बमोजिम सरूवा गर्न बाधा पर्ने छैन ।

**२७. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** १) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी सङ्ख्याको कम्तीमा दस प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम अति विपन्न, विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु

**** पहिलो संशोधनद्वारा संशोधित***

पर्नेछ ।

२) उपदफा (१) बमोजिम छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि विद्यार्थी छनोट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, नगर शिक्षा शाखाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनोट समिति रहनेछ ।*

३) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनोटको नतिजा सार्वजनिक गर्नु पर्नेछ ।

**२८. तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** अदालतको आदेश, फैसला र नियमानुसार विदा, काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विना पूर्व सूचना विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।*

**२९. प्रधानाध्यापक तथा कर्मचारी सम्बन्धी व्यवस्था :** १) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नेपाल सरकारले वा नगरपालिकाले स्वीकृत गरे बमोजिमको सङ्ख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३०. बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :** १) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाइने छैन ।

२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन । यस्ता व्यवहार प्रचलित कानुन बमोजिम दण्डनीय हुनेछन् ।

**३१. अनुमति नलिई शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन गर्न नहुने :** १) यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

२) कुनै पनि व्यक्ति वा संस्थाले नेपालमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम विदेशी मुलुकमा सञ्चालन गर्न चाहेमा विदेशस्थित नेपाली कुटनीतिक नियोगको सिफारिस सहित नगरपालिका समक्ष निवेदन दिएमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी निवेदकलाई आवश्यक सर्त तोकी त्यस्तो शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

३) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३२. प्रगति विवरण बुझाउनु पर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमको विवरण सहितको प्रगति विवरण मन्थली नगर पालिकामा बुझाउनु पर्नेछ ।

**३३. नगरपालिका शिक्षा विकास कोष :** १. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार

**** पहिलो संशोधनद्वारा संशोधित***

र व्यवस्थापन विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नाका लागि नगरपालिका स्तरमा एक "शिक्षा विकास कोष" रहनेछ ।

२. **उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :** (क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम,

(छ) शिक्षा क्षेत्रबाट नगरपालिकालाई प्राप्त भएको आयको १० प्रतिशत रकम,

**३४. कोष सञ्चालक समिति :** १) कोष सञ्चालक समिति तोकिए बमोजिम हुने छ ।

२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**३५. नगरपालिकाले निर्देशन दिन सक्ने :** १) नगर कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।*

२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।*

**३६. नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :**

१) विद्यालय सार्ने, गाभ्ने, बन्द गर्ने र कक्षा घटाउने सम्बन्धी कार्य कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।#

२) नगरपालिकाले हाल सञ्चालन भइरहेका हिँडाइको दूरी वा न्यून विद्यार्थी सङ्ख्याको आधारमा नजिकमा रहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न वा कक्षा घटाउन अनुमति वा स्वकिृति दिन सक्नेछ ।

**३७. विद्यालयको सम्पति :** १) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पति सार्वजनिक सम्पति मानिने छ । यस ऐन बमोजम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पति नगरपालिकाले अन्य विद्यालय वा सार्वजनिक काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम लीलाम गरी प्राप्त भएको रकम नगरपालिका शिक्षा कोषमा जम्मा गर्नु पर्नेछ ।

२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पति सार्वजनिक सम्पति मानिने छ । त्यस्तो सम्पतिको स्वरूप बदल्न पाइने छैन ।

---

** पहिलो संशोधनद्वारा संशोधित* *# पहिलो संशोधनद्वारा थप*

३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पति सोही कम्पनीको नाममा रहनेछ ।

४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल-अचल सम्पति प्राप्त गर्नु अघि नगर शिक्षा समितिसँग अनुमति लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा सङ्घ संस्थाबाट त्यसरी चल अचल सम्पति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ । त्यस्तो सम्पति करको दायरामा रहेको हुनुपर्नेछ ।

५) नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पति नेपाल सरकारको स्वीकृति र स्थानीय सरकारको अनुमति बेगर बेचबिखन गर्न पाइने छैन ।

**३८. विद्यालयलाई छुट र सुविधा :** १) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत प्रमाणित गर्दा स्थानीय तहबाट लाग्ने रजिस्ट्रेशन शुल्क लाग्ने छैन ।

२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकेको आधारमा रजिस्ट्रेशन दस्तुर छुट दिन सकिने छ ।

३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

**३९. अनुमति वा स्वीकृति रद्द गर्ने :** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ । त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नुअघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**४०. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :** १) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्न सक्नेछ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार तीस दिनभन्दा बढी अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको सूचना प्राप्त भएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेको वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेको व्यहोरा प्रमाणित भएमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा,

(छ) शिक्षक वा कर्मचारीले व्यावसायिक हकहितका नाममा छद्म रूपमा अमुक राजनीतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यलयको समयमा सङ्लग्न भएमा ।

३) उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगर शिक्षा समितिले निजलाई पदबाट

हटाउन सक्नेछ
तर यसरी हटाउन अघि मनासिव माफिकको स्पष्टीकरणको मौका भने प्रदान गरिनेछ ।

**स्पष्टीकरण:** यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति वा भातृ सङ्गठन सम्झनु पर्दछ ।

४१. **स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू तथा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्न आवेदन गर्न हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई तोकिए बमोजिम दण्ड वा सजाय हुनेछ ।

४२. **शैक्षिक योग्यता :** विद्यालयको शिक्षकका लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

४३. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने :** (क) नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी र शिक्षकको अनुपात कायम गर्न सक्नेछ । यसो गर्दा विषयगत शिक्षक उपलब्धताको आधारमा एक विद्यालय एक शिक्षक हुनेछन् ।

(ख) सीमान्तकृत समुदायको बाहुल्यता रहेको स्थानका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपातमा थप लचकता अपनाउन सकिनेछ ।

४४. **दरबन्दी मिलान :** तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगर शिक्षा समितिले तोकिएको प्रक्रिया पूरा गरी दरबन्दी मिलान गर्नेछ । नगर क्षेत्रभित्रका स्थायी, राहत, अस्थायी, करार सबै खाले शिक्षकहरूलाई समेटी शैक्षिक एकरूपता कायम गरिनेछ ।*

४५. **अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने :** १) दफा ४० मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनः बहाली भएको मिति सम्मको पूरा तलबभत्ता र तलब वृद्धि पाउने भए सो समेत पाउने छ ।

४६. **दण्ड र सजाय सम्बन्धी व्यवस्था : (१) दण्ड र सजाय :** नगरपालिकाभित्र रहेका विद्यालयमा कार्यरत शिक्षक र कर्मचारीलाई कारबाही गर्नु पर्ने उचित र पर्याप्त कारण भएमा देहाय बमोजिमको सजाय गर्न सकिने छः-

(क) **सामान्य सजाय :** १) देहायको कुनै अवस्थामा शिक्षकलाई नसिहत दिने वा बढीमा दुई तलब वृद्धि रोक्का गर्ने वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने सजाय गर्न सकिनेछ :-

(क) निजले गरेको सेवा सन्तोषजनक नभएमा,
(ख) प्रचलित कानुन बमोजिम बरबुझारथ नगरेमा,

---

**** पहिलो संशोधनद्वारा संशोधित***

(ग) सेवाको सन्दर्भमा आफूभन्दा माथिल्लो अधिकारीले दिएको निर्देशन पालना नगरेमा,

(घ) यो ऐन वा प्रचलित कानुनले तोकेको पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा,

२) देहायको कुनै अवस्थामा विद्यालयमा कार्यरत शिक्षक कर्मचारीलाई दुई वर्षदेखि पाँच वर्षसम्म बढुवा रोक्का गर्ने वा दुईदेखि पाँच तलब वृद्धिसम्म रोक्का गर्ने सजाय गर्न सकिनेछ :

(क) अनुशासनहीन काम गरेमा,

(ख) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरूमा उल्लेखित आचरण सम्बन्धी कुराहरू उल्लङ्घन गरेमा,

(ग) प्रचलित कानुन बमोजिम पेस्की फछ्र्यौट नगरेमा,

(घ) व्यवस्थापन परीक्षणबाट देखिएका अनियमितता सम्बन्धमा दिएको निर्देशन पालना नगरेमा,

(ङ) पूर्व स्वीकृति नलिई बराबर विद्यालयमा अनुपस्थित रहेमा,

(च) अन्यत्र कुनै प्रकारको नोकरी गर्ने वा आर्थिक लाभ वा कुनै सुविधा प्राप्त गर्ने गरी परामर्शदाता, सल्लाहकार, विशेषज्ञ वा कुनै हैसियतले सेवा प्रदान गर्ने वा कुनै संस्थाको कार्यकारी पदमा रही कार्य गरेमा ।

३) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

४) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोके बमोजिम एकलाख रूपैयाँसम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुवै सजाय हुनेछ :

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापर्बाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(झ) ऐन कानुन विपरीतको अन्य कार्य गरेमा ।

५) उपदफा (३) र (४) बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

६) उपदफा (३) र (४) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस

ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्न सक्नेछ :-

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्कासन गर्ने,

(ग) कसुरको मात्रा हेरी एक हजार रूपैयाँदेखि पच्चीस हजार रूपैयाँसम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

**ख)** **विशेष सजाय :** १) देहायको कुनै अवस्थामा शिक्षक कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिनेछ :-

(क) शिक्षक कर्मचारीले अयोग्यताको कारणले आफ्नो पदको काम वा जिम्मेवारी पूरा गर्न नसकेमा,

(ख) आचरणसम्बन्धी कुरा बराबर उल्लङ्घन गरेमा,

(ग) कार्यालयको समयमा बराबर मादक पदार्थको सेवन गरेमा,

(घ) बराबर अनुशासनहीन काम गरेमा,

(ङ) राजनीतिमा भाग लिएमा,

(च) आफ्नो पदको जिम्मेवारीको बराबर बेवास्ता गरेमा,

(छ) विदा स्वीकृत नगराई लगातार नब्बे दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा,

(ज) मनासिब कारण भई विदा स्वीकृत गराएकोमा बाहेक वैदेशिक अध्ययन, तालिम वा अध्ययन भ्रमणमा गएको शिक्षक कर्मचारी त्यस्तो अध्ययन, तालिम वा अध्ययन भ्रमण पूरा गरेको मितिले तीस दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा,

२) देहायको कुनै अवस्थामा शिक्षक कर्मचारीलाई भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ :

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको जानकारी भएमा ।

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा,

(ग) स्थायी आवासीय अनुमति लिएमा वा सोको लागि आवेदन दिएमा,

(घ) शिक्षक सेवामा नियुक्त हुने वा बहाल रहने उद्देश्यले नागरिकता, उमेर वा योग्यता ढाँटेको प्रमाणित भएमा,

**(२)** **विभागीय कारबाही र सजायसम्बन्धी विशेष व्यवस्था :** १) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सो आयोगबाट र प्रचलित कानुन बमोजिम सम्बन्धित निकायले कुनै शिक्षक कर्मचारीलाई विभागीय कारबाही गर्न लेखी आएमा आवश्यक प्रक्रिया पुऱ्याई सोही बमोजिम विभागीय सजाय गर्नु पर्नेछ ।

२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४१ विपरीत विदा नलिई आफ्नो कार्यालयमा अनुपस्थित हुने शिक्षक कर्मचारीलाई गयल र तलब कट्टी गर्न सकिने छ । यसरी गयल भएको अवधि सेवा अवधिमा गणना गरिने छैन ।

३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विदा स्वीकृत नगराई लगातार नब्बे दिनभन्दा बढी अवधि अनुपस्थित हुने शिक्षकलाई गयल कट्टी गरी हाजिर गराउन सकिने छैन । हाजिर गराएमा त्यसरी हाजिर गराउने पदाधिकारीलाई समेत विभागीय कारबाही हुनेछ र त्यसरी हाजिर गराएको कर्मचारीले खाएको तलब, भत्तासमेत त्यसरी हाजिर गराउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गरिने छ ।

**४७. पुनरावेदन :** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन बमोजिम पुनरावेदन लाग्नेछ ।

**४८. शिक्षकलाई अन्य काममा लगाउन नहुने :** १) सामुदायिक विद्यालयका शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुँदैन ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवीप्रकोप, उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र नगर पालिकाले तोकेको अन्य कुनै काममा खटाउन बाधा परेको मानिने छैन ।*

**४९. नियमावली, निर्देशिका बनाउन सक्ने :** यस ऐनको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियमावली, निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**५०. विद्यालय नर्सको व्यवस्था :** सामुदायिक माध्यमिक विद्यालयहरूमा विद्यार्थी संख्याको आधारमा संघ, प्रदेश, नगरपालिका र साझेदार निकायहरूको सहयोगमा विद्यालय नर्सको व्यवस्थापन गरिनेछ। विद्यालय नर्सको व्यवस्थापनको अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ।#

**५१. बाधा अड्काउ हटाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा स्थानीय सरकारले त्यस्तो बाधा अड्काउ हटाउन स्थानीय राजपत्रमा वा सार्वजनिक सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश ऐनमा परे सरह मानिने छ ।

**५२. सङ्क्रमणकालीन व्यवस्था :** (क) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली जारी नहुँदासम्म कार्यपालिकाले गर्न सक्नेछ ।

(ख) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति नगर कार्यपालिकाले दिन सक्नेछ ।

**५३. बचाउ र लागू नहुने :** १) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(क) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन २०५९ तथा अन्य क्षेत्रगत ऐन अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

(ख) संविधान, सङ्घीय र प्रदेश कानुनसँग बाझिएका यस ऐनका दफा तथा उपदफाहरू बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

(ग) यस अघि कानुन बमोजिम नियुक्त शिक्षक कर्मचारीलाई नेपाल सरकारले दिँदै

---

** पहिलो संशोधनद्वारा संशोधित*

आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन ।
तर, यो व्यवस्थाले कानुन बमोजिम दण्ड सजाय र कारबाही गर्न बाधा पार्ने छैन ।

(२) यस ऐन लागू हुनुअघि गठित विद्यालय व्यवस्थापन समिति यसै ऐन अन्तर्गत गठन भएको मानिने छ । यस ऐन लागू भएपछि विद्यालय व्यवस्थापन गठन भई सकेको विद्यालयमा यस ऐन अर्न्तगत विद्यालय व्यवस्थापन समिति गठन गर्न कुनै बाधा पर्ने छैन ।

---

*# पहिलो संशोधनद्वारा थप*